आज मिति २०७७ साल फागुन ०९ गते आईतवारको दिन वेलुका ५:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।११।०९ को नगर कार्यपालिका वैठकका प्रस्तावहरु

१. नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ (प्रथम संसोधन) पेश सम्वन्धमा ।

२. नलगाड नगरपालिका विनियोजन ऐन, २०७७ (प्रथम संसोधन) पेश सम्वन्धमा

३. नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुको समायोजन सहमति सम्वन्धमा ।

४. नगद मौज्दात बजेटबाट योजनाहरु छनौट गर्ने सम्वन्धमा ।

५. आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा ।

६. रकम विनियोजन गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु (मिति २०७७।११।०९)

निर्णय नं. १: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा विभिन्न क्षेत्रबाट प्राप्त सुझाव समेतका आधारमा **नलगाड नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७५** को केही दफाहरु संसोधन तथा थप सहित पारितको लागि मिति २०७७।११।१० गते सोमवारको दिन हुने नलगाड नगरपालिकाको नगर सभामा सामाजिक विकास समितिका संयोजक श्री प्रचण्ड वलीज्यू मार्फत प्रथम पटक संसोधन प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २: नेपालको संविधान बमोजिम मिति २०७७।०३।११ मा सम्पन्न नलगाड नगरपालिकाको छैठौ सभाबाट स्वीकृत गरिएको नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७७ मा बजेट खर्चको सीमा रु. ४९,८०,००,०००।० अक्षरुपी उनान्पचास करोड असीलाख मात्र बजेट सीमा निर्धारण गरिएकोमा उक्त बजेट खर्चको सीमामा रु. १,१२,१२,६९८।० अक्षरुपी एक करोड बाह्रलाख बाह्र हजार छसय अन्ठानव्वे मात्र थपको लागि मिति २०७७।११।१० गते सोमवारको दिन हुने नगर सभामा नलगाड नगरपालिकाको विनियोजन ऐन २०७७ को खर्चको सीमा रु. ५०,९२,१२,६९८।० अक्षरुपी पचास करोड बयानव्वे लाख बाह्र हजार छसय अन्ठानव्वे कायमको (प्रथम पटक संसोधन) लागि प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र अन्य स्थानीय तहहरुमा समायोजन भएका तथा कर्मचारी समायोजनको क्रममा जिम्मेवारी नतोकिई फाजिलमा रहेका नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुलाई समायोज़न संसोधन सहित यस नगरपालिकाका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा पदस्थापना तथा कामकाजको लागि आउन सहमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्वीकृत गरिएको नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७७ मा गत वर्षको नगद मौज्दातको शीर्षकबाट थप गरिएको अनुमानित बजेट रु. १,१२,१२,६९८।० अक्षरुपी एक करोड बाह्रलाख बाह्र हजार छसय अन्ठानव्वेबाट तपसिल बमोजिमको योजना तथा कार्यक्रम छनौट गरी पारितको लागि मिति २०७७।११।१० गतेका दिन हुने नगर सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्राथमिक अस्पतालमा एक्सरे तथा उपकरण खरिद | वडा नं. ७ | २१००००० | |
| २. | अनापानी पाली कल्पत सडक निर्माण योजना | वडा नं. १ | २०००००० | |
| ३. | एम्बुलेन्स खरिद भुक्तानी बाँकी योजना | वडा नं. ७ | ५५०००० | |
| ४. | स॥ईले साँघु देखि रजिकसम्म सडक निर्माण योजना | वडा नं. ११ | १२००००० | |
| ५. | नमुना बस्तीमा खानेपानी निर्माण योजना | वडा नं. १० | ४००००० | |
| ६. | ल्याव सामाग्री खरिद योजना | वडा नं. ३ र ११ | ५००००० | |
| ७. | पाईप खरिद योजना | नगरक्षेत्र | ४००००० | |
| ८. | तारजाली खरिद योजना | नगरक्षेत्र | २००००० | |
| ९. | अर्गानिक नमुना बस्तीमा खानेपानी निर्माण योजना | वडा नं. ४ | १५०००० | |
| १०. | वडा कार्यालयमा भवन निर्माण योजना | वडा नं. ४ | ७००००० | |
| ११. | विपद व्यवस्थापन कोष | नगरक्षेत्र | ७००००० | |
| १२. | नगरस्तरिय खेलकुद कार्यक्रम | नगरक्षेत्र | ३००००० | |
| १३. | निर्मलज्योति आ.वि.थाप्ला भवन निर्माण योजना | वडा नं. ६ | ४००००० | |
| १४. | वडा कार्यालयमा भवन निर्माण योजना | वडा नं. ५ | २००००० | |
| १५. | नगरप्रमुख रोजगार कार्यत्र्म | नगरक्षेत्र | १४१२६९८ | |
| | **जम्मा विनियोजित बजेट रु.** | | ११२१२६९८ | |

**निर्णय नं. ५:** नलगाड नगरपालिकाको आ.व. २०७७७८ को सभाबाट विनियोजित विपद व्यवस्थापन कोषबाट नलगाड नगरपालिका वडा नं. १० बस्ने रणसिंह बोहराको छोरा वर्ष ४५ को श्री जनक बहादुर बोहरालाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | व्यक्तिको नामथर | ठेगाना | श्रोत रकम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री जनक बहादुर बोहरा | नलगाड-१० जाजरकोट | विपद व्यवस्थापन कोष | १५००० | |

**निर्णय नं. ६:** नलगाड नगरपालिका वडा नं. ४, ५ र ६ को पशुक्षेत्र सम्वन्धी सम्भाव्यता अध्ययनको लागि डि.पी.आर.गर्ने र उक्त सम्भाव्यता अध्ययनको लागि नगर प्रमुख रोजगार कार्यक्रमबाट रु. २५०००० अक्षरुपी दुईलाख पचास हजार मात्र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।